त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु ।

**सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार स्नातकोत्तर तह प्रथम वर्ष प्रथम शत्र-२०७६ समूहको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार २०७७ सालमा संचालन हुने स्नातकोत्तर तह **भूगर्भ शास्त्र, इन्जिनियरिङ्ग जियोलोजी, कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि, वनस्पति शास्त्र, गणित, माइक्रोवायोलोजी, प्राणी शास्त्र, रसायन शास्त्र, भौतिक शास्त्र, तथ्यांक शास्त्र, वातावरण विज्ञान, जैविकप्रविधि, खाद्य प्रविधि, जल तथा मौसम विज्ञान र Biodiversity and Environmental Management ( BEM)** विषय **प्रथम वर्ष प्रथम शत्र २०७६** समूहको नियमित तथा सोही शत्रको सो भन्दा अगाडिका समूहको आंशिक परीक्षाको परीक्षा आवेदन फाराम २०७७ साल माघ १४ गते सम्ममा बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले फारामहरु रुजु गरी मिति २०७७ साल माघ १६ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा बुझाउन पर्ने छ ।

१. **परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले ध्यान दिनु पर्ने कुराहरु :**

(क) परीक्षार्थीहरुको हाजिरी त्रि.वि. नियमानुसार परीक्षा फाराममा उल्लेख गर्नु पर्नेछ ।

(ख) आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा आबेदन फाराममा उल्लेख गर्नुका साथै छुट्टै लिष्ट पनि फराम साथै पठाउनु पर्नेछ ।

(ग) आन्तरिक मूल्यांकनमा अनुत्तीर्ण विषयको परीक्षा फाराम नभराउने । यदी परीक्षा फाराम भरी परीक्षा दिएमा उक्त विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

(घ) परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subjectwise -data) परीक्षा आबेदन फारामसाथ पठाउनु पर्नेछ ।

(ङ) आंशिक परीक्षार्थीको परीक्षा आवेदन फाराममा लब्धांक पत्रको फोटोकपी फारम साथै संलग्न गरी पठाउनु पर्ने छ ।

२. **परीक्षा शुल्क :**

क. प्रति शत्र परीक्षा शुल्क नियमित तथा आंशिक १,५००।-

ख. प्रति शत्र परीक्षा शुल्क नियमित तथा आंशिक २,०००।- (Engineering Geology)

३. **विलम्व शुल्क :**

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले प्रथम हप्ता सम्म रु. १,५००।-

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले प्रथम हप्ता सम्म रु. २,०००।-(Engineering Geology)

४. **परीक्षा शुल्क बुझाउने सम्बन्धमा :**

सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल वैंकको चल्ती हिसाव नं. ०४५००१०००९९१०७००००१ मा रकम जम्मा गरी पठाउनु पर्ने छ ।

५. **परीक्षा केन्द्र : पछि तोकिने छ ।**

६. **प्रयोगात्मक परीक्षा :** परीक्षा सकिएको २ हप्ता भित्र प्रयोगात्मक परीक्षा सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस र कलेजले सम्पन्न गरी सक्नु पर्नेछ ।

**द्रष्टव्य :**

* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने ।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।

२०७७।०९।१३

सहायक डीन